# पोखरा महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

न्युरोड, कास्की
गण्डकी प्रदेश, नेपाल

इमेल:info@pokharamun.gov.np
वेभसाइट: pokharamun.gov.np

पोखरा महानगरपालिका नगर कार्यपालिकाको कार्यालय न्युरोड, कास्की गण्डकी प्रदेश, नेपाल

## स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ बमोजिम तहवृद्धिका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना

**सूचना नं. २/०८०/८१**

**प्रकाशन मिति:२०८१/०३/२०**

प्रस्तुत विषयमा गण्डकी प्रदेश सरकारद्वारा जारी स्थानीय सेवा (गठन, सञ्चालन) ऐन, २०७९ को दफा २७ अनुसार तहवृद्धि हुने पदभन्दा एक तह मुनिको पदका लागि तोकिए बमोजिमको शैक्षिक योग्यता, न्यूनतम सेवा अवधि पूरा गरेका तथा पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औषत ९५% वा सो भन्दा बढी अंक प्राप्त गरेका र दफा ३९ अनुसार सेवा अवधि पूरा गरेका तथा दफा ४२ बमोजिम नकारात्मक सूचीमा नपरेका कर्मचारीहरुले सम्बन्धित सेवा, समूह, उपसमूह भित्र तह वृद्धिका लागि स्थानीय सेवा (गठन, सञ्चालन) नियमावली, २०८० को अनुसूची १५ बमोजिमको **तहवृद्धि आवेदन फाराम** २ (दुई) प्रति (नेपाली कागजमा) भरी आफू कार्यरत महाशाखा/वडाबाट प्रमाणित गराई ७ (सात) दिन भित्र पेश गर्न सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ।

म्याद नाघी प्राप्त हुन आएका, अपूरो विवरण भरि पेश गरेका र तोकिए बमोजिमका कागजात संलग्न नभएका आवेदनमाथि कारवाही नगरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ। साथै उक्त तहवृद्धि आवेदन फाराम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश पोखराको Website: https://ocmcm.gandaki.gov.np तथा पोखरा महानगरपालिकाको Website: pokharamun.gov.np मा गई download गर्न सकिनेछ।

..........................
कृष्ण प्रसाद तिवारी
उप सचिव नवौं
उप-सचिव (नवौं तह)